M10/1/A1NEP/SP1/NEP/TZ0/XX

22100207

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

**NEPALI A1 – STANDARD LEVEL – PAPER 1**
**NÉPALAIS A1 – NIVEAU MOYEN – ÉPREUVE 1**
**NEPALÉS A1 – NIVEL MEDIO – PRUEBA 1**

Thursday 13 May 2010 (afternoon)
Jeudi 13 mai 2010 (après-midi)
Jueves 13 de mayo de 2010 (tarde)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a commentary on one passage only. It is not compulsory for you to respond directly to the guiding questions provided. However, you may use them if you wish.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Rédigez un commentaire sur un seul des passages. Le commentaire ne doit pas nécessairement répondre aux questions d'orientation fournies. Vous pouvez toutefois les utiliser si vous le désirez.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario sobre un solo fragmento. No es obligatorio responder directamente a las preguntas que se ofrecen a modo de guía. Sin embargo, puede usarlas si lo desea.

2210-0207

3 pages/páginas
© International Baccalaureate Organization 2010

https://xtremepape.rs/

*तल दिइएका कविता <u>अथवा</u> निबन्धको टिप्पणी लेख्नुहोस् :*

१.

हेर, जीवन अनन्त सम्भावनाहरूको नाम हो । प्रत्येक बिहान जब आँखा खोल्छ्यौ तिमी, एउटा नयाँ सम्भावना तिम्रो सामु उभिइरहेको हुन्छ । तर तिमी धेरैजसो न त्यो अनुभूत गर्छ्यौ न देख्छ्यौ नै । किनभने तिम्रा आँखामा आँसु छ र हृदयमा विषादको बादल, जसले तिमीलाई छलेर राख्छ त्यो देख्नुबाट । यसरी तिमी एउटा शोकले अरू धेरैहरूलाई आमन्त्रण गर्छ्यौ । एउटा पीडाले अरू धेरै पीडाहरूलाई स्वीकार्छ्यौ । यत्ति हो, ती शोक दुर्घटनाका पीडाहरू तिमी अनायासै बेहोरिरहेकी छ्यौ भन्ने कुराबाट तिमी अनभिज्ञ छौ । अनभिज्ञताले तत्काललाई केही राहत पुऱ्याउला तर समग्रमा मुक्ति दिन सक्दैन । त्यसैले भन्छु - कुन ठूलो कुरा भयो र ? एउटा सपनाको दुर्घटना भयो, एउटा सम्भावनाको अन्त्य भयो । सफा आँखा र हृदयले हेर मात्र, अनन्त सम्भावनाहरू आइरहेछन् तिमीतिर, असङ्ख्य सपनाको एउटा लस्कर आइरहेछ तिमीतिर । हेर, ठम्याऊ, छान, टिप त्यसलाई जुन तिम्रो आकाङ्क्षा र भावनासँग मेल खान्छ, जुन तिमीलाई मुस्कुराउन र बाँच्नका लागि सबभन्दा उपयोगी हुन्छ । बरु गम्भीर बन, चिन्तनशील बन, अनुभूतिशील बन, प्रेमी बन र माया गर त्यसलाई ।

सम्भावनाहरूको अन्त्य मृत्यु हो । सपनाहरूको अन्त्य मृत्यु हो । अनुभूति र भावनाहरूको अन्त्य मृत्यु हो । तिमी यिनीहरूको अन्त्य भोगिरहेकी छैनौ । तिमी यिनीहरूको मृत्यु भोगिरहेकी छैनौ । तिमीभित्र जीवनको मोह अझै छ, चाह र प्रयत्नका गतिशीलताहरू अझै छन् । मलाई नै हेर न, म दुःखका पहाडहरूमाथि निरन्तर आरोहणको अभियानमा छु । तर खुसी छु । एक पाटो जीवन भोगेर पूर्णता भोगिँदैन । एक पाटो दृश्य हेरेर संसार हेरिँदैन । एक पाटो अनुभूतिले मात्र बाँच्न सकिँदैन । ऐश्वर्य, शान्ति र आनन्द सबैको चाह हो । तर एक पाटो यात्रा हिंडेर मात्र यो सबै पाइँदैन । मभित्र पनि हलचलहरू छन्, भूकम्प र दुर्घटनाहरू छन् । चीत्कार र आँसुका भेलहरू छन् । म त यिनीहरूलाई पनि माया गर्छु सपनाहरूलाई जस्तै । म त यिनीहरूलाई पनि सम्हाल्छु सम्भावनालाई जस्तै । म त यिनीहरूलाई पनि साथै राख्छु रहर र भावनालाई जस्तै ।

भीष्म उप्रेती,"मुस्कुराऊ, मुस्कुराऊ र अझ मुस्कुराऊ" <u>हिँड्दै गर्दा</u> (काठमाडौं : साझा प्रकाशन, २०६१) पृ.३६-३७ ।

– निबन्धको उक्त उद्धरणले केकस्तो सन्देश दिएको छ ?

– निबन्धको उक्त उद्धरणमा प्रयुक्त भाषालाई केकसरी मूल्याङ्कन गर्नुहुन्छ ?

– निबन्धको उक्त उद्धरणमा व्यक्त विचार प्रति तपाईं सहमत हुनुहुन्छ वा हुनुहुन्न ?



https://xtremepape.rs/

२.

अभागी ईर्ष्याको कम्बल ओढेर
चोरिनँ मैले कसैका खुसीहरू
वेदनाको शूल उफ्रिरह्यो गिदीभरि
जोरिनँ मैले कसैका सहानुभूतिहरू
म त आँसुमा नुहाएर
हिक्काको पहार ताप्ने मान्छे
कोही कठै ! भनिदेओस् मेरो दुर्गतिमा
मैले कहिल्यै कसैको सहारा चाहिनँ
बाँचेको छु निस्फिकी टाउको उठाएर
हार स्वीकार गरेर यो जिन्दगीसित मैले
मृत्युलाई सहसा स्वीकार गर्न सकिनँ
मैले हिंड्दा बाटाहरू उध्रिन्छन्
अडेस लगाउँदा भित्ताहरू घर्किन्छन्
थकाइ मारुँ भनेर एकैछिन
किन बसेंछु कुन्नि चौतारीमा
आँधी र बतास एकैचोटि बर्सिन्छन्
मेरो धैर्यताको छानो उडेको छ
मेरो विश्वासको जग हल्लिएको छ
आकाश तयार छ च्याप्न लम्पसार
धरती तयार छ च्यातिन वारपार
कुन्नि यति भएर पनि
म किन हार मान्न सक्तिनँ
नियतिको भूकम्पले
कुल्चोस् मेरो शिरमाथि
थकित मानेर यो जिन्दगीसित मैले
मृत्युलाई सहसा स्वीकार गर्न सकिनँ

मुरारी पराजुली, “मृत्युलाई स्वीकार गर्न सकिनँ” गरिमा, (२६, ८, ३०८, साउन २०६५, काठमाडौं : साझा प्रकाशन ) पृ.१५ ।

– यस कवितामा व्यक्त कविको धारणा कस्तो छ ?

– यस कवितामा प्रयोग भएका अलङ्कारलाई के-कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

– यो कविता पढेपछि तपाईंका मनमा जन्मिएका प्रतिक्रियाहरू के-के हुन् ?



https://xtremepape.rs/